# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, कात्तिक १५ गते २०५२ साल (अतिरिक्ताङ्क २९ (क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी रक्षा मन्त्रालयको सिफारिशमा शाही नेपाली सेनाको लागि पैठारी हुने देहायका सामानहरूमा लाग्ने भन्सार महशुल तथा बिक्रीकर छूट दिएको छ ।

१. सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोलीगठ्ठा, बारूद र तिनका स्पेयर-पार्टस, विशेष प्रकारका तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजारहरू र पार्टपुर्जाहरू ।

२. शाही नेपाली सेनाले समय, मौसम र स्थान विशेषमा प्रयोग गर्ने विभिन्न प्रकारका पोशाकहरू लत्ता कपडा, ईक्वीपमेण्ट र सो सम्बन्धी सामानहरू ।

३. सैनिक जवान तथा घोडा खच्चडहरूको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्बन्धी सामानहरू ।

४. शाही नेपाली सेनाले उपयोग गर्ने संचारका उपकरणहरू र सो को संचालनको लागि आवश्यक मालसामानहरू ।

५. सैनिक अभ्यास तथा तालीममा प्रयोग हुने सामानहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. सवारी साधनको प्रयोगका लागि आवश्यक पर्ने टुल्स, उपकरण तथा स्पेयरपार्टस ।

७. ईन्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिग प्लान्ट, औजार र सो सम्बन्धी पार्टस, अप्टीकल इक्विपमेण्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका सामानहरू ।

८. खेलकुद सम्बन्धी सामानहरू ।

९. क्याम्पिग इक्विपमेण्टस तथा स्पेशल फोर्स र प्याराट्रुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।

१०. सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा सरसामानरू, औषधी, मेडिकल औजार र उपकरणहरू ।

११. शाही नेपाली सेनाको नाममा पैठारी हुने हवाई जहाज, हेलिकप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, लुब्रिकेन्टस तथा ग्राउण्ड ईक्विपमेण्टहरू ।

१२. दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

खण्ड ४४, सख्या १२, मिति २०५१।३।२० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ खारेज गरिएको छ ।

आज्ञाले,

रामविनोद भट्टराई

श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८६